**बैँठक संख्या: ५ (पाँचौ)**

**मिति २०८३ असोज १६ गते शुक्रबार बसेको कार्यपालिकाको बैठक निर्णयहरु :**

**निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको मिति २०८३ साल भाद्र ३१ गतेको कार्यपालिकाको वैठक निर्णयहरु कार्यान्वयनको अवस्था वारेमा समिक्षा गरियो ।

**निर्णय नं.२ शहरी सडक स्तरोन्नती, मर्मत तथा सडक सुरक्षा गर्नुपर्ने योजनहरुको सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा **शहरी सडक स्तरोन्नती मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम** स्तरोन्नती मर्मत तथा सडक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न निम्म सडहरुको नामावली पठाउने निर्णय गरियो ।

**निम्न:**

१. चाँपगैरी सानीमाइ सडक
२. देउराली नमुना सडक
३. मछिन्द्रचोक गैरीगाउँ खहरेखोला सडक

**निर्णय नं.३ गाउँपालिका भवन रङ्गरोगन सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस सन्दकपुर गाउँपालिका माथिल्लो र तल्लो प्रशासनिक भवनको रङ्गरोगनका लागि लागत अनुमान तयार गर्न प्राविधिकलाइ जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.४ कार्यविधि सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा सन्दकपुर गाउँपालिकाका सवै विद्यालयहरुको प्रधानाध्यापक नियुक्ति सम्बन्धि कार्यविधि दफावार छलफल तथा आवश्यक संशोधनका लागि विधेयक समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५ नागरिक आरोग्य कार्यक्रम सम्बन्धमा ।**

उक्त प्रस्ताव माथि छलफल गर्दा यस गाउँपालिकाको आर्युवेद औषाधालयबाट हाल सञ्चालनमा रहेको नागरिक आरोग्य उपचार सेवा वडा नं. १ र ३ मा पनि विस्तार गर्ने निर्णय गरियो ।